# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## परशुराम नगरपालिका

डँडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## परशुराम नगरपालिका
### डँडेलधुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## परशुराम नगरपालिका

डँडेलधुरा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५२५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू ,
परशुराम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले परशुराम नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ९१ लाख ९२ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १८ लाख ७० हजार, नियमित गर्नुपर्ने रू.२९ लाख ३३ हजार र पेश्की रू.३७ लाख ४६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.६ करोड ४३ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.७ करोड ३४ लाख रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

परशुराम नगरपालिका, डडेल्धुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रू. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | २९ | १९१९२ | ० | ० | ० | ४७ | २९ | १९१९२ | ६४३ | २९३३ | ११८७० | ० | ० | १४८०३ | ३७४६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रू. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| परशुराम नगरपालिका, डडेल्धुरा | ६४३२२ | ० | १०११४ | ५४२०८ | ० | १९१९२ | ७३४०० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : परशुराम नगरपालिका, डडेलधुरा , परशुराम नगरपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तारानाथ पनेरु | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धन बहादुर साउद | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १९,१९१,७५६.२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,२६,२७,९६७.७२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४९,१२,५८,२७५.५५ | **चालु खर्च** | ४५,०६,६६,३६७.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५०,१५,२७६ | **पूँजीगत खर्च** | १६,६२,६२,२१४.४२ |
| **राजश्व बाँडफाँट** | १२,१३,३५,५०४.६१ | **वित्तीय/अन्य व्यवस्था** | १२,८५,४४,६२१.०८ |
| **आन्तरिक आय** | १,५२,३१,६७३.१३ | | |
| **अन्य आय** | १३,०९,८५,२८७.१८ | | |
| **कुल आय** | ७८,३८,२६,०१६.४७ | **कुल खर्च** | ७४,५४,७३,२०२.८५ |
| **बाँकी मौज्दात** | | ८,०९,८०,७८१.३४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६३ सभा सदस्य, ४१४ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ सालमा लिएको तथ्यांक अनुसार ६३०३ घरधुरी र ३४ हजार ९ सय ८३ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् ः | |
| २ | | | **आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण** | |
| २.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नमा गरेको पाइएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नर्मा तयार गरेको पाइएन । स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनत्तम दररेट | |

| | | | | |
|---|---|---|---|---|
| | | | तोक्नुपर्नेमा तोकिएको पाइएन९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।य<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको , सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को व्यवस्था अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्ने गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७४ ) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २.२ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २.३ | | | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३ | | | **वित्तीय विवरण तर्फ :** | |
| ३.१ | | | **सुत्रमा समावेश गर्नुपर्ने हिसाब :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन् ।<br><br>सामाजिक सुरक्षा खर्च रु १२५४१८०३८.०७ ,कर्मचारी कल्याण कोष रु २४४७०५५.११ र केन्द्रिय राजश्व रु ५०५८७ गरी कुल जम्मा रु १२७८४५६८०.१८ सुत्रमा समाबेश नभएकोले स्थानीय संचितकोष लेखा प्रणाली (सुत्र) बाट सृजित म.ले.प.फा न २७२ ले सबै कारोबारको आर्थिक विवरण तयार हुन सकेको देखिएन । | |
| ३.२ | | | **बैंक मौज्दात** –पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार बाँकी बैंक मौज्दात र बैंक सर्टिफिकेट अनुसार निम्न खातामा निम्नानुसारको रकम बैंक बढी देखिएको छ ।बैंक हिसाब मिलान विवरण तयार गरी पेश गर्नुपर्ने रू. | १४१,६०५ |

| बैंक खाता नं | नाम | आ वि अनुसार | बैंक अनुसार | बैंक बढी |
|---|---|---|---|---|
| ग ४ १ | संचित कोष खाता | ६४८८४०४८.८४ | ६५०२५६५४.२४ | १४१६०५.४० |

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
|---|---|---|
| ३.२.१ | बैंक मौज्दात | १,४१,६०५.४ |

<table>
<tr><td>४</td><td></td><td></td><td>बजेट सम्बन्धमा</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td>२०७९-५-१३</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च रु हजारमा</th><th colspan="4">चौमासिक खर्च रु हजारमा</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>४५०६६६</td><td>१०२६१०</td><td>१४६१९८</td><td>२०१८५८</td><td>१००७१७</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१६६२६२</td><td>९६२५</td><td>२९८७३</td><td>१२६७६४</td><td>७८२४३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६१६९२८</td><td>११२२३५</td><td>१७६०७१</td><td>३२८६२२</td><td>१७८९६०</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१८.२०</td><td>२८.५४</td><td>५३.२६</td><td>२९</td></tr>
</table>
नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६१६९२८ (हजारमा )निकासा भएकोमा प्रथम चौमासिकमा रु. हजारमा ११२२३५ अर्थात १८.२० प्रतिशत, दोश्रो चौमासिकमा रु हजारमा १७६०७१ अर्थात २८.५४ प्रतिशत र तेश्रो चौमासिकमा रु हजारमा ३२८६२२ (हजारमा )अर्थात ५३.२६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १७८९६० (हजारमा) अर्थात.२९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्र.स | क्षेत्र | बजेट रु हजारमा | खर्च (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३६८३५ | २९०९४ | ४.७२ |
| २ | पूर्वाधार विकास | ११५९५७ | ८२१०३ | १३.३० |
| ३ | सामाजिक विकास | ४४१७८८ | ४०८१३३ | ६६.१६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्ध संग | ९५२३ | ७८९६ | १.२८ |
| ५ | कार्यालय संचालन | १०९१८२ | ८९७१२ | १४.५४ |
| **जम्मा** | | **७१४२८५** | **६१६९२८** | १०० |

उपरोक्त विवरण अनुसार खर्चको तुलनामा सामाजिक विकासमा सबै भन्दा बढी ६६.१६ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धमा सबैभन्दा कम १.२८ प्रतिशत खर्च भएको छ । दिगो विकास को लागि समानुपातिक बजेट विनियोजन र खर्च गर्नुपर्दछ ।

४.३

**खर्च विश्लेषण :** गरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १५२३१६७३ राजस्व बाँडफाँड र अनुदानबाट रु ६३७६०९०५७ समेत रु ७८३८२६०२६ आम्दानी भएकोमा चालु तर्फ रु ४५०६६६३६७ र पूँजिगत तर्फ रु १६६२६२२१४ र बित्तिय ब्यवस्था तर्फ रु १२८५४४६२१ समेत रु ७४५४७३२०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०४३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १२५०८५०० खर्च भएको छ जुन आन्तरिक आयको ८२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.४९ प्रतिशत चालु र २१.२१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५

**वार्षिक प्रतिबेदन :**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी

| | | | | |
|---|---|---|---|---|
| | | | समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६ | | | **प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन :** | |
| ६.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६.२ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी नगरपालिकाले विभिन्न कार्यालय सहयोगी र कृषि जेटिए पदमा १३ जना कर्मचारीहरु करारमा राखि रु.६१,०९८७५।- खर्च लेखेको छ । स्थानीय सरकार संचालन ऐन को पालना गर्नुपर्दछ । | |
| ६.३ | | | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: १२ — वड सचिवको दरबन्दी: १२ — वडा सचिवको पदपूर्ति: ६ — रिक्त वडा सचिव: ६ | |
| ६.४ | | | **कल्याण कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले गत वर्षको जिम्मेवारी रु १९४७०५५.११ वर्ष , यस वर्षको रु ५००००० गरी | ५००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कुल जम्मा रु.२४४७०५५.११ ट्रान्सफर गरेकोमा यसरी ट्रान्सफर गर्न नमिल्ने देखिएकोले उक्त रकम फिर्ता लिई स्थानीय संचितकोषमा दाखिला गर्नुपर्ने रू. | |
| ७ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन, ७वटा नियमावली, ५०कार्यविधि लगायत ८६वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले... वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ८ | | | **सम्पति हस्तान्तरण, संरक्षण तथा मर्मत तथा उपयोग सम्बन्धमा** | |
| ८.१ | | | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ८.२ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्थामा उल्लेख भए अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |

<table>
<tr><td>८.३</td><td></td><td></td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खरिद योजना तथा लागत अनुमान :</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६,६२,६२,२१४।४२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>लागत अनुमान : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९१(५) अनुसारलागतअनुमानस्वीकृती गराएरमात्रैतोकिएकोप्रक्रियाअपनाई मर्मत कार्य गराउन सकिने व्यवस्था गरेको छ । नगरपालिकाल नियमको उक्त व्यवस्था अनुसार लागत अनुमान स्वीकृती नगराई नियमानुसार खुला विल तथा खुलाकोटेशन बाट म ले प फाराम नं २ सहित अध्यावधिक नगरी मर्मत कार्य गरेको नियम संवत नदेखिएको रू.<br>
<table>
<tr><th>गो भ नं</th><th>मिति</th><th>मर्मत विवरण</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>३३</td><td>२०७८।०६।२३</td><td>से १ झ ३२/९</td><td>सराफत अटो मोबइल</td><td>१८००००।-</td></tr>
<tr><td>१२७</td><td>७।१०</td><td>एम एण्ड डब्लु अर्थ भुमर्स प्रा लि जे सि भी 3dx supper</td><td></td><td>१,७०,००० ।-</td></tr>
<tr><td>४८१</td><td>१०।३</td><td>से १ झ ३२९</td><td>सु प्र ट्रेड एण्ड सप्लायर्स</td><td>२३५००० ।-</td></tr>
<tr><td>५२१</td><td>१०।१०</td><td></td><td>सिपद्री ट्रडिङ्ग</td><td>१३८००० ।-</td></tr>
<tr><td>६२३</td><td>११।०५</td><td>दमकल मर्मत</td><td>सरफद अटो मोबाइल</td><td>१७५००० ।-</td></tr>
<tr><td>१०५९</td><td>०२।०१</td><td></td><td>सेवा इन्टर पेनस प्रा लि</td><td>४९०००० ।-</td></tr>
</table></td><td>१,३३२,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२६</td><td></td><td></td><td>नरेश ट्रेडर्स</td><td>११४००० ।-</td></tr>
<tr><td>१२२५</td><td>३।१३</td><td>टिप्पर मर्मत</td><td>नरेश सग्रित र सरफद अटो मोबाइल</td><td>२,५६,८१८ ।-</td></tr>
<tr><td colspan="4">कुल जम्मा</td><td>१३३२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
बढी सेवा सुविधा :<br><br>
स्थानिय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धी ऐन २०७५ बमोजिम सुदूरपश्चिम प्रदेशको औषधी उपचार सम्बन्धी कुनै व्यवस्था उल्लेख गरेको छैन । कार्यपालिका २०७८।०६।०५ को निर्णय गरी भुक्तानी गरेको रकम कानुनमा व्यवस्था गरेको नदेखिएकोले असुल उपर गर्नुपर्ने रू.<br><br>
<table>
<tr><th>भौ नं</th><th>मिति</th><th>पद</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१२६</td><td>२०७८।०७।१०</td><td>का पा सदस्य</td><td>धर्मेन्द्र दमाई</td><td>१,२५०००।-</td></tr>
<tr><td>१४६</td><td>०७।१२</td><td>का पा सदस्य</td><td>हरीना धामी</td><td>१,५०,०००।-</td></tr>
<tr><td>१५०</td><td>०७।१५</td><td>उप प्रमुख</td><td>कलावती बोहरा</td><td>७५,०००।-</td></tr>
<tr><td>१६८</td><td>०७।१६</td><td>का पा सदस्य</td><td>दुरा खाती</td><td>७५,०००।-</td></tr>
</table>
</td><td>४२५,०००</td></tr>
<tr><td>११</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - यस नगरपालिकाले २०७७।०९।२ मा सामुदायिक विद्यालय समायोजन कार्यविधि २०७७ तयार गरेको छ । सो कार्यविधिको परिच्छेद २ मा विद्यालय समायोजनको सैद्धान्तिक आधार तय गरेको छ। सोही परिच्छेदको बुँदा ३ मा तोकिए अनुसारको विद्यार्थी संख्या कायम नरहेमा तथा भविष्यमा समेत उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गर्न सकिने उल्लेख गरिएको छ । यस नगरपालिकामा विभिन्न तहका ६४ सामुदायिक विद्यालयहरु रहेका छन जस्मा कुल दरबन्दी २५५ रहेकोमा स्थायी पदपूर्ति १५० र अस्थायी पदपूर्ति १०५ रहेका छन । कुल जम्मा विद्यार्थी संख्या १०३९१ रहेको छ भने जम्मा शिक्षक विद्यार्थी अनुपात ४१ रहेको छ । पालिका बाट प्राप्त विवरण अनुसार विभिन्न ८ विद्यालयमा २३१ विद्यार्थी रहेकोमा शिक्षकको दरबन्दी र पदपूर्ति शुन्य रहेको देखिएको छ र ३० भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयको संख्या ३२ रहेको छ ।एकै वडा वडा नं १ मा ३० भन्दा कम विद्यार्थी रहेका विद्यालय ३ वटा रहेका छन । कम विद्यार्थी रहेका, भौगोलिक दूरी तथा विकटताको आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान</td><td></td></tr>
</table>

लगायतका कार्य हरु भएको पाइएन ।कार्यविधि तयार गरेपनि प्रभावकारी तवरले सो कार्यविधिको उपयोग भएको पाइएन । अत कार्यविधिको पालना गरी शिक्षाको लगानीलाई प्रभावकारी पार्नुपर्ने देखिन्छ ।

| सिन | विद्यालयको नाम | ठेगाना | शिक्षकदरबन्दी | पदपूर्ती | पदपूर्ति मध्ये करार | जम्मा विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | भवानी नवयुग बालज्योति प्रावि | परशुराम-१०, भित्तेसाल | ० | ० | ० | ४७ | ० |
| २ | सरस्वती प्रावि | परशुराम-७, धरमपुर | ० | ० | ० | ४३ | ० |
| ३ | महाकाशी परमानन्द संस्कृत गुरुकुल | परशुराम-५ परिगाउ | ० | ० | ० | १५ | ० |
| ४ | त्रिशुले सिद्धभगवती प्रावि | परशुराम-९, नौला | ० | ० | ० | ३० | ० |
| ५ | कृष्ण प्र भट्टराई स्मृती प्रावि | परशुराम-६, कुणा | ० | ० | ० | ५३ | ० |
| ६ | लाटादेउ प्रावि | परशुराम-३, चौडतोली | ० | ० | ० | १४ | ० |
| ७ | सिर्जना प्रावि | परशुराम-५, असुरानी | ० | ० | ० | २९ | ० |
| ८ | संस्कृत महाविद्यालय | परशुराम-५ परिगाउ | ० | ० | ० | ० | ० |
| ९ | भगवती प्रावि | परशुराम-१, कोलखान | २ | २ | १ | २३ | १२ |
| १० | नवयुग प्रावि | परशुराम-१, सुर्खाल | १ | १ | ० | २९ | २९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | सुर्योदय प्रावि | परशुराम-१, दमौटाक | १ | १ | ० | १५ | १५ |
| १२ | सिद्दनाथ प्रावि | परशुराम-३, तोडिन्ना | ३ | ३ | ३ | ५५ | १८ |
| १३ | आदर्श ज्योति प्रावि | परशुराम-३, भिरकोट | ३ | ३ | १ | ३१ | १० |
| १४ | कैलपाल प्रावि | परशुराम-३, थपला | २ | २ | १ | ३५ | १८ |
| १५ | सिद्दनाथ प्रावि | परशुराम-३, मकैल | ३ | ३ | २ | ४७ | १६ |
| १६ | जनज्योति प्रावि | परशुराम-३ , सिमल्टा | २ | २ | ० | ५२ | २६ |
| १७ | कालिका प्रावि | परशुराम-४ , लटेरोडा | ३ | ३ | २ | ६१ | २० |
| १८ | परशुराम प्रावि | परशुराम-५, परीगाउँ | ३ | ३ | ३ | ८२ | २७ |
| १९ | सिद्दनाथ मावि | परशुराम-६, चन्दनी | १३ | १३ | ६ | २५७ | २० |
| २० | पूर्णागिरी प्रावि | परशुराम-६, कराली | २ | २ | २ | ६७ | ३४ |
| २१ | सिद्दनाथ प्रावि | परशुराम-६, पटरेनी | २ | २ | १ | ६३ | ३४ |
| २२ | सिद्दनाथ प्रावि | परशुराम-६, सिमलखेत | ३ | ३ | ० | ८५ | २८ |
| २३ | सिद्दनाथ आवि | परशुराम-७, लालपुर | ५ | ५ | २ | १४५ | २९ |
| २४ | सिद्दभगवती प्रावि | परशुराम-९, डेवरी | २ | २ | २ | २८ | १४ |
| २५ | पद्मकन्या प्रावि | परशुराम-९, कुयापानी | २ | २ | २ | ४६ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | दुर्गा आवि | परशुराम-१०, पातल | ६ | ६ | ३ | ११६ | १९ |
| २७ | दुर्गा भगवती प्रावि | परशुराम-१०, ढकानी | ४ | ४ | ३ | ११७ | २९ |
| २८ | सिद्दभगवती प्रावि | परशुराम-१०, सापासेला | २ | २ | ० | २२ | ११ |
| २९ | सिद्दभगवती प्रावि | परशुराम-११, सिमलबण्ड | ३ | ३ | ० | ७० | २३ |
| ३० | राधाकृष्ण प्रावि | परशुराम-११, सुवाखान | ३ | ३ | १ | ७३ | २४ |
| ३१ | सिद्दनाथ प्रावि | परशुराम-११, प्याउलीवण्ड | १ | १ | ० | १३ | १३ |
| ३२ | सरस्वती प्रावि | परशुराम-१२, डल्लेगडा | २ | २ | ० | ४२ | २१ |
| २२ | सिद्दनाथ मावि | परशुराम-१२, जयपुर | १७ | १७ | १ | ५१३ | ३० |
| ३२ | सरस्वती प्रावि | परशुराम-१२, डल्लेगडा | २ | २ | ० | ४२ | २१ |

| | | | | |
|---|---|---|---|---|
| ११.२ | | | **आन्तरिक आयबाट शिक्षकको तलब भत्ता–** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । यस नगरपालिकाले नगर स्वयं सेवक शिक्षक भनी ४३ वटा विद्यालयलाई दरबन्दी बेगर रु १२५९८८७३ रकम विद्यालयको खातामा पठाएको छ । कार्यभार यकिन गरी | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेत को आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र आन्तरिक आयबाट खर्च गर्न सकिने प्रावधान अनुरप निम्नानुसारको शिक्षकहरुको तलब भत्ता वितरण गरेको छ ।
<table>
<tr><th>गो भौ</th><th>मिति</th><th>विद्यालय संख्या</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>३५</td><td>२०७८।०६।२३</td><td>४३</td><td>४९०४९९५।-</td></tr>
<tr><td>४३७</td><td>९।२२</td><td>४३</td><td>१८६१९९८ ।-</td></tr>
<tr><td>६९०</td><td>११।२३</td><td>४३</td><td>२८६१३४० ।-</td></tr>
<tr><td>११४३</td><td>२।३१</td><td>४३</td><td>२९७०५४० ।-</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>११.३</td>
<td>८०</td>
<td>२०७८-८-१६</td>
<td>अनुदान उपयोगको प्रमाण पेश गर्नुपर्ने : वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय संचालित गर्ने कार्यविधि २०७६को बुदा १२ बमोजिम प्राध्यापकले कार्यसम्पादन सम्झौता अनुसार बुदा नं ११ बमोजिमको प्रस्ताव गरी विद्यालयले बनाएको कार्यविधि विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएर मात्र अनुदान खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस नगरपालिका बाट उल्लेखित दुई दरबन्दी नभएका विद्यालयहरु भवानी नवयुग मा बि र सरस्वती मा वि लाई शिक्षक तलब भत्ता वापत ५ लाखको दरले जम्मा रु १०००००० अनुदान दिएकोमा सो कार्यविधिमा व्यवस्था भए अनुसार खर्च भए नभएको , साथै सो खर्च पुष्ट्याईगर्ने कागजात तथा यस नगरपालिकाबाट अनुदानको अनुगमन समेत नभएकोले भुक्तानी गरेको खर्च को उचित उपयोगको पुष्टयाई गर्ने प्रमाण पेश गर्नुपर्ने रू.</td>
<td>१,०००,०००</td>
</tr>
<tr>
<td>१२</td>
<td></td>
<td></td>
<td>मूल्य अभिवृद्धि कर–<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार रु. ४१६००००।- असूली गर्दा नियमानुसार हुने रु. ५४०८००।- मूल्य अभिवृद्धि कर रकम असुल गरेका छैनन् ।
<table>
<tr><th>ठेकेदारको नाम</th><th>आय ठेक्काको विवरण</th><th>प्यान नं.</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>मुअकर छुट रकम</th></tr>
</table>
</td>
<td>५४०,८००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भिमराज कन्ट्रसन<br>परशुराम -१२</td><td>रंगुन नदी जन्य पदार्थ संकलन</td><td>३००१३२३२२</td><td>४१६००००।-</td><td>४१६००००।-</td><td>५४०८००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५४०८००</td></tr>
</table>
यस्तो मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु.
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
आर्थिक सहायता सम्बन्धमा :<br><br>
परशुराम नगरपालिकाबाट प्रकाशित आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ गरिब बिपन्न असहायहरु,विभिन्न रोगबाट विडित तथा ग्रसित, दिर्घरोगी, दुर्घटना विपदमा परेको ठूलो सल्यक्रिया गर्न पर्ने अवस्थामा रहेका व्यतिहरुलाई दुर्घटना परेमा एक पटकमा रु ३५,०००।–सम्म उपलब्ध गराउने स्थानीय राजपत्रमा उल्लेखित छ । वडा नं ८ जमरानीमा रहेको आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारी अस्मिता धामी २०७८।०३।०५ मा कार्यालयको कामको सिलसिलामा जोगबुडा आउदा मृत अवस्थामा भेटिएकोले कार्यपालिकाको निर्णय अनुसार क्षतिपुर्ति वाफत निजको छोरी अनुजा धामीलाई रु ७,२५,०००।–भुक्तानी दिइएको र निजको श्रिमान अमर धामीलाई रु २,५०,०००।–काजक्रिया वाफत रु २५,०००।–भुक्तानी भएकोमा बिमा गराई बिमा कम्पनीबाट भुक्तानी गराउनु पर्नेमा चालु खर्चबाट खर्च लेखेको नियम संवत नदेखिएको रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१३.१</td><td>आर्थिक सहायता</td><td>१०,००,०००</td></tr>
</table>
</td><td>१,०००,०००</td></tr>
<tr><td>१४</td><td>५८७</td><td>२०७९-३-२५</td><td>
कोभिड खर्च सम्बन्धमा :<br><br>
कोभिड १९ को माहामारीबाट प्रभावित अति विपन्न परिवार लक्षित नगद हस्तान्तण कार्यक्रम सम्बन्धमा मिति २०७८।११।२४ गतेको यस नगरकार्यपालिकाको बैठकको निर्णयअनुसार प्रत्येक वडा कार्यालयहरुलाइ अधिकतम ६० जना कोरोना प्रभावित व्यक्तिहरुको कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तण कार्यविधि २०७८ बमोजिम २०७९।०३।२१ कार्यपालिकाको बैठकको निर्णय अनुसार रु १०,०००।— का दरले ६७६ जनालाई रु ६७६००००।— निजको खातामा जम्मा हुन् गरी भुक्तानी गरेको छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>कोभिड तर्फको आय र व्ययको अवस्था निम्नानुसार छ ।<br><table>
<tr><td>आय तर्फ</td><td>रकम रु</td><td>खर्च तर्फ</td><td>रकम रु</td></tr>
<tr><td>गत वर्षको अल्या विपद व्यवस्थापन कोष</td><td>११३४७४</td><td>विपद व्यवस्थापन कोष</td><td>८८३००</td></tr>
<tr><td>सशर्त मार्फत यस वर्ष प्राप्त</td><td>७१९००००</td><td>सशर्त बाट</td><td>६७६००००</td></tr>
<tr><td></td><td></td><td>बाँकी विपद व्यवस्थापन कोष(निसर्त)</td><td>२५१७४</td></tr>
<tr><td></td><td></td><td>सशर्त फिर्ता</td><td>४३००००</td></tr>
<tr><td>कुल जम्मा</td><td>७३०३४७४</td><td>कुल जम्मा</td><td>७३०३४७४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td>१३३४</td><td>२०७९-३-१२</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :<br><br>बेरोजगार तथ्यांक संकलन<br><br>नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तयार गरेको रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड २०७६ को नियम १४(१)क अनुसार रोजगार संयोजकले स्थानीय तहभित्र रहेको बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारीको सूची अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ ।<br><br>यस कार्यक्रमका लागि यस नगरपालिकाबाट नगरपालिकाकै आन्तरिक स्रोतबाट गो भौ नं १३३४ मिति २०७९ । ३।१२ बाट रु ९९९९९ रकम EMIS Data entry ज्याला र खाजा खर्च भनि र मिति २०७९।३।१३ गो भौ नं १२४५ बाट वस्ति तथा टोलबाट बेरोजगारीको तथ्याङ्क संकलन तथा प्रविष्टि गरेको भनी रु ५३५७८ गरी कुल जम्मा १५३५७७ रकम भुक्तानी गरेको छ । यसरी केन्द्रबाटै निश्चित कार्यविधि बमोजिम खर्च गर्न तोकि आएको अवस्थामा यस कार्यालयबाट समेत योजना तथा कार्यविधि नबनाई खर्च गरेको पाइएको छ । यसरी गरिएको खर्च रकम अनियमित देखिएको रू.</td><td>१५३,५७७</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च—</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल ४८४०२४।- उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ४८६०२४।-खर्च गरेको छ ।
<table>
<tr><th>भौचर नं</th><th>मिति</th><th>शिर्षक</th><th>रकम</th></tr>
<tr><td>२८७</td><td>२०७८।१२।०२</td><td>नारी दिवस,कृषक समुह टोल भेला</td><td>१५२७९०।-</td></tr>
<tr><td>७९३</td><td>२०७८।१२।०२</td><td>४ नं वडा होली लुगा खरिद</td><td>३२५५।-</td></tr>
<tr><td>८०७</td><td>२०७८।१२।०७</td><td>नारी दिवस कार्यक्रमबाट ल्याप्टप मर्मत दैनिक भ्रमण भत्ता</td><td>१२७९३३।-</td></tr>
<tr><td>८४०</td><td>२०७८।१२।१०</td><td>शुभकामना संन्देश प्रशारण</td><td>७०००।-</td></tr>
<tr><td>९०३</td><td>२०७८।१२।२२</td><td>तिज तथा नारी दिवस र अन्तराष्टिय दिवस</td><td>८५६९५।-</td></tr>
<tr><td>१०३१</td><td>२०७९।१।२१</td><td>वडा नं १ नारी दिवस खाजा नास्ता</td><td>१०९३५१।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४८६०२४।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सोझै खरीद :<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४८(१) सार्वजनिकनिकायले स्वकृत कार्यक्रम र खरिद योजनाअनुसार बीस लाख रुपैया सम्म लागतअनुमानभएको मालसामान,निर्माण कार्य १८ जुन सुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाव पत्र आवहान गरी खरिद गर्न सकिने भन्ने उल्लेख छ । कार्यालयले कार्यालय सामानमा रु लाख विनियोजन गरी बीस लाख नै खर्च गरेकोछ। खरिद योजना तयार गरी सिलबन्दी दरभाउबाट खरिद गर्नु पर्दछ । केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्
<table>
<tr><th>भौ नं</th><th>मिति</th><th>सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>३</td><td>२०७८।०६।१४</td><td>आयुस्मान स्टेसनरी एण्ड सप्लायर्स</td><td>९९,९००।-</td></tr>
<tr><td>६</td><td>२०७८।०६।१४</td><td>अनुराग स्टेसनरी एण्ड सप्लायर्स</td><td>९८,५००।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>२०७८।०६।१४</td><td>भागेश्वर अफसेट</td><td>६३०००।-</td></tr>
<tr><td>२०</td><td>२०७८।०६।२२</td><td>कालु सिंह बोहरा</td><td>११२४८।-</td></tr>
<tr><td>३७</td><td>२०७८।०६।२३</td><td>नन्दलाल पुस्तक भण्डार</td><td>२८६४५।-</td></tr>
<tr><td>४१</td><td>२०७८।०६।२४</td><td>सिता कुमारी विष्ट जोरा</td><td>७८०००।-</td></tr>
<tr><td>६०</td><td>२०७८।०६।२४</td><td>सुरपाल ट्रेड एण्ड सप्लायर्स</td><td>५३५३०।-</td></tr>
<tr><td>१३०</td><td>२०७८।०७।११</td><td>परशुराम आधुनिक छापाखाना</td><td>७०२९७।-</td></tr>
<tr><td>२३२</td><td>२०७८।०८।१५</td><td>भट्ट ट्रेड एण्ड सप्लायर्स</td><td>४९९७०।-</td></tr>
<tr><td>३९२</td><td>२०७८।०९।१३</td><td>परशुराम आधुनिक छापाखाना</td><td>१,५८,२००।-</td></tr>
<tr><td>६०८</td><td>२०७८।११।०२</td><td>आयुस्मान स्टेसनरी एण्ड सप्लायर्स</td><td>३,०६०६०।-</td></tr>
<tr><td>७००</td><td>२०७८।११।२३</td><td>उग्रतारा टेक्निकल गुडस्/ उग्रतारा टेक्निकल हाउस</td><td>२,७४०००।-</td></tr>
<tr><td>१६६१</td><td>२०७८।०७।१५</td><td>परशुराम आधुनिक छापाखाना</td><td>१५७३४२।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
समर्थन बेगर भ्रमण खर्च :<br><br>
नगर उप-प्रमुख कलावति देवी बोहराले निम्नानुसार भ्रमण भत्ता भुक्तानी भएकोमा भ्रमण आदेश स्वीकृती आफैले गरि भुक्तानी भएकोमा उक्त आदेशको समर्थन पेश हुनुपर्ने रु
<table>
<tr><th>भै नं। मिति</th><th>भ्रमण स्थान</th><th>उदेश्य</th><th>मिति</th><th>रकम</th></tr>
<tr><td>१६।२०७८।०६।१४</td><td>डडेल्धुरा</td><td>दिवा खाजा अवधि कार्यक्रममा सहभागी</td><td>५।०९ -५।१५</td><td>१०,०००।-</td></tr>
<tr><td>१६।२०७८।०६।१४</td><td>डडेल्धुरा</td><td>कार्यक्रममा सहभागी</td><td>४।२६-५।३१</td><td>६८०० ।-</td></tr>
</table>
</td><td>१६,८००</td></tr>
</table>

<table>
<tr><td>१९</td><td></td><td></td><td>

**डीपीआर खर्च —**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

<table>
<tr><th>कार्यविवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>सलेता सिमलबण्ड पलगढी सडक</td><td>सुरपाल इन्जिनियरिङ्ग डिजाइन कन्सटकसन प्रा लि</td><td>११२६८००।-</td><td>११२६८००।-</td><td>६५१८०६२८९.४४</td></tr>
<tr><td>परशुराम धाम डि पी आर</td><td>जे डि ग्रुप अफ कम्पनी</td><td>४८०२५०।-</td><td>४५७३००।-</td><td>३२१६८४६७७७.४९</td></tr>
<tr><td>जम्माः</td><td></td><td>१६०७०५०।-</td><td>१५८४१००।-</td><td>३८६८६५३०६६.९३</td></tr>
</table>

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>

**सवारीसाधन खरिद —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यदी खरिद गर्नुपरेमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले

</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.८३३७००।- बजेटबाट खर्च गरेको छ ।यसरी खरिद गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खरिद गर्नुपर्दछ ।<br><br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>५७९८००।-</td></tr><tr><td>२</td><td>स्कुटर</td><td>१</td><td>२५३९००।-</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>८३३७००।-</td></tr></table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सार्वजनिक परिक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।सामाजिक परीक्षण सार्वजनिक सुनुवाइ बार्षिक अर्धबार्षिक समिक्षामा रु ९३६००।— खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>२२</td><td>१३२</td><td>२०७८-७-११</td><td>भ्रमण आदेश स्वीकृत गर्नुपर्ने :<br><br>सुदुर पश्चिम प्रदेश आर्थिक कर्याविधि नियमावली २०७६ को नियम २७(३ ) मा खर्च लेख्दा खर्चको विल भरपाई र कागजातको आधारमा लेखा राखु पर्ने व्यवस्था छ । यस पालिकामा भ्रमण आदेश स्वीकृत गराई भ्रमण खर्च लेखुपर्नेमा नगर प्रमुख ,उप-प्रमुख लगायतको टोलि काठमाण्डैं मन्त्रालयमा पालिकाको काममा गएको भनि भ्रमण आदेश स्वीकृति बेगर खर्च लेखेकोले स्पष्ट प्रयोजन खुल्ने प्रमाण तथा स्वीकृत भ्रमण आदेश पेश गर्नुपर्ने रू.</td><td>४४,९५४</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>रित बेगरको कर बिजक—<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पुगेको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु ९२११७० को समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको विजकको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>९२१,१७०</td></tr>
</table>

| सि नं | विद्यालयको नाम | सप्लायर्स | रकम |
|---|---|---|---|
| १ | सिताराम मा वि कुर्मुल्ले | सिद्धनाथ जनरल | ९६१७०।- |
| २ | सिद्धनाथ प्रा बि सिमलखेत | उमेश एण्ड मुकेश खुद्रा | ३८५२५।- |
| ३ | पुर्णागिरी प्रा वि कराली | अपि होटेल एण्ड लज | ३६८२५।- |
| ४ | पदमकन्या प्रा वि कुयापानी | नवदुर्गा कुटानी पिसानी पेलानि उधोग | ३१२००।- |
| ५ | मदनआश्रित आ वि सदघाट | विपिन खुद्रा पसल | २१३५१५।- |
| ६ | सिद्धनाथ प्रा वि कटपानी | थापा किराना पसल | ३२०७०।- |
| ७ | बैज्यनाथ मा वि सलेता | जस्लीङ जनरल स्टोर | ८१५४०।- |
| ८ | भवानी नवयुग प्रा वि भित्तेसाल | प्रकट खुद्रा तथा फैस | २०७००।- |
| ९ | कृष्णप्रसाद स्मृती प्रा वि कुणा | स्मृति किराना पसल | २८७५५।- |
| १० | कैलपाल प्रा वि थपला | निङ्लाशैनि खाजा नास्ता पसल | ४७७७५।- |
| ११ | महाकाली प्रा वि परिगाउँ | मल्लकेदार किराना सेन्टर | २७१६५ |
| १२ | कालिका प्रा वि सटेरोडा | भागरती किराना पसल | २८८२०।- |
| १३ | भागेश्वर मा वि सलौन | पुर्णागिरी जनरल स्टोर | ९५०४०।- |
| १४ | सिद्धनाथ प्रावि तोडिन्ना | डि के होटल एण्ड लज | ५८५००।- |
| १५ | कैलपाल मा वि वोडा | बिशाल सपिङ्ग सेन्टर एण्ड डिजायन पसल | ८४५७०।- |
| **जम्मा** | | | **९२११७०।-** |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ :** | |

| | | | | |
|---|---|---|---|---|
| २४.१ | | | यस कार्यक्रम सञ्चालन का लागि केन्द्र सरकारबाट शसर्त वित्तिय हस्तान्तरण भइ रु २०८८१०० प्रदेश सरकारबाट रु २५००००० नगरपालिकाको आन्तरिक श्रोत समेत बाटरु ५००००० बजेट थप गरी रु ५०८८१०० खर्च गरेको छ । यसै कार्यक्रम को खर्च सम्बन्धि निर्देर्शन तथा शर्तहरुमा संघ, प्रदेश तथा स्थानीय तहको आन्तरिक श्रोतबाट समेत बजेट थप गरी आधारभूत आवश्यकता अनुरुपका कार्यक्रमहरुको एकीकृत वार्षिक कार्यक्रम तयार गरी वडा तथा वस्ती स्तरमा सनौलो हजार दिनका घरपरिवार र किशोरीहरुलाइ केन्द्रित भइ कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ ।यस सम्बन्धमा थप व्यहोराहरु निम्नानुसार छन् : | |
| २४.२ | १८ | २०७९-३-१३ | सुदर पश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम २७(३) बमोजिम खर्च लेख्दा खर्चको विल भर्पाई सहित लेखा राखु पर्ने व्यवस्था छ । उल्लेखित भौचर बाट रु ५४३३६० रकमको १९२० वटा ८ हप्ते गरिराज कुखुरा अण्डा दिने सोझै खरिद गरी रु ५४३३६० रकम खर्च गरेकोमा सो कुखुरा वितरण गरेकोमा लाभान्वितले बुझेको भरपाई पेश नभएकोले सो पेश हुनु पर्ने रू. | ५४३,३६० |
| २५ | ७१ | २०७८-११-१२ | **सक्कल विजक पेश गर्नुपर्नेः**<br><br>सुदुर पश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७(३) बमोजिम खर्च लेख्दा खर्चको विल भर्पाई सहित लेखा राखु पर्ने व्यवस्था छ । Ward Office construction Work II को निर्माणकार्ता शाही निर्माण सेवा / शाही बन्धु ट्रेड्स एण्ड सप्लायर्स को विजक नं १ मिति २०७८।११।३ बाट रु रु १७३१३१८.२७ रकम खर्च लेखेकोमा सक्कल विजक पेश नभएको । सो को प्रमाण पेश गर्नुपर्ने रू. | १,७३१,३१८.२७ |
| २६ | १४४ | २०७९-३-१६ | **गत विगतको भुक्तानी :**<br><br>खर्च गर्दा वास्तविक खर्चको आधारमा आर्थिक वर्षको खर्चको भुक्तानी सोही आर्थिक वर्ष समाप्त नभइ गर्नुपर्ने र कारणबश सोही आर्थिक वर्षमा भुक्तानी हुन नसकेमा भुक्तानी बाँकी को विवरण तयरा गरी सो विवरणमा समाबेश गरेर मात्र अर्को आर्थिक वर्षमा भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । यस नगरपालीकाले माथिको व्यवस्था बमोजिम नगरी यस आर्थिक वर्षमा टेक्नोलोजी नेपाल इन्फरमेशन एण्ड मिडिया टेक्नोलोजी प्रा.लि लाई मिति २०७८।३।३० को रकम रु २२६०० भुक्तानी गरेको नियम संगत नरहेको रू. | २२,६०० |
| २७ | | | **वितरणमुखी कार्यक्रममा खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छोटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिक्तम प्रयोग हुने, महिला बालबालिका , पिछडिएको वर्ग, क्षेत्र र | |

समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने , भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले सो ऐनले तोकेको शर्त भन्दा बाहिर योजना बनाई खर्च गरेको ले आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्न तर्फ दिनुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।

| मिति | भौचर न | विवरण | खर्च रकम |
|---|---|---|---|
| ०७८।१२।२९ | १४४ | भित्रि मधेसकलाकेन्द्रलाई भुक्तानि | १७३००० |
| ०७९।३।२२ | ३५४ | लिचिको विरुवावितरण | १४२७७० |
| ०७९।३।१३ | २८३ | Dadeldhura Speaking Idle | ६५०० |
| ०७९।३।२५ | १४१४ | चुरे कृषीसहकारीलाई व्यवस्थापन खर्च | १००००० |
| ०७९।३।१७ | १२९६ | परशुराम एफ एम लाईधान दिवस कार्यक्रम गरेबापत भुक्ती | ३५००० |
| ०७९।३।१४ | १२७७ | कृष्णपुर टोल विकाससंस्थालाई व्यवस्थापन खर्च | १३६३६ |
| ०७९।३।१४ | १२५६ | सिद्धनाथ मा विजयपुर लाई ५०औं स्वर्ण जयन्तीको अवसरमा सांस्कृतिक कार्यक्रम | १००००० |
| ०७९।३।१२ | १२२३ | क्रिकेटटिमलाई पोषाक रकम भुक्तानी | ३९८४० |
| ०७९।३।२ | ११८० | आमासमूहसहकारीलाई भुक्तानी | ५४००० |
| ०७९।२।१९ | ११३५ | मेयरतथा उपमेयर कप भलिबल प्रतियोगितालाई भुक्तानी | १४९१०० |
| ०७९।२।१७ | १११ | भुपु सैनिक संघलाई भुक्तानी | ५०००० |
| ०७९।२।१२ | १०७० | सरगमकला केन्द्रलाई सांस्कृतिक कार्यक्रमको भुक्तानी | १०००० |
| ०७९।१२।२० | ८४४ | कृषितथा पशुपन्छी फर्मलाई आलु ढुवानीको रकम भुक्तानी | १२०३६ |
| ७८।७।११ | १२९ | क्रिकेटप्रतियोगिता | ३०००० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>७८।८।१५</td><td>२३४</td><td>आदर्शयुवा क्लब क्रिकेट</td><td>४९९००</td></tr>
<tr><td>७८।८।२०</td><td>२६६</td><td>क्रिकेटप्रतियोगिता</td><td>२०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कर, आन्तरिक आय तथा शुल्क असुली :</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>व्यवसाय कर- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर रु २४००००० अनुमान गरेकोमा उक्त कर शुन्य रहेको छ। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदान अन्तर्गत संघ र प्रदेशबाट रु ५१६२७३५५२ प्राप्त गरेको छ भने आन्तरिक आय रु १५२३१६७३ रहेको छ । कुल प्राप्त रकम मध्ये आन्तरिक आय र २.८ प्रतिशत रहेको छ । यस स्थानीय तहमा प्राप्त केन्द्रिय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ज्यादै न्यून रहेको पाइएकोले नगरपालीकाले आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>३५०००००।-</td><td>१८२८१२५।५०</td><td>५२.२३</td></tr>
<tr><td>भुमिकर।मालपोत</td><td>२००००००।-</td><td>७२२२९।-</td><td>३.६१</td></tr>
<tr><td>घरवहालकर</td><td>३५०००००।-</td><td>२६८३६६५।२५</td><td>७६.६८</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| व्यवसाय र भुक्तानी | १००००००।- | ११३१२५९।- | ११३ |
| अन्य कर | २५०००००।- | ६०२२३७९।- | २४१ |
| नक्सापास दस्तुर | १००००००।- | ६८३९०।३८ | ६.८४ |
| सिफारीस दस्तुर | ३५०००००।- | २३३६५११।- | ६६.७६ |
| व्यतिगत घटना दस्तुर | ५०००००।- | ३८४२६४।- | ७६.८५ |
| अन्य दस्तुर | १७०००००।- | ४२९४५२।- | २५.२६ |
| अन्यक्षेत्रको आय | २५०००००।- | ० | ० |
| धरौटी सदसरस्याहा | १०००००।- | ० | ० |
| व्यवसायकर | २४०००००।- | ० | ० |
| बेरुजु | ० | २७५३९८।- | ० |
| **जम्मा** | **२५००००००।-** | **१५२३१६७३।१३** | **६०.९३** |

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित

नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।उठने भन्दा बढी राजस्व अनुमान गर्दा योजनाको लागि वित्तिय सुनिश्चित्ता नहुदाँ नगरपालिकाले राखेका योजना अलपत्र हुने अवस्थालाइ समेत ध्यान दिनु जरुरी देखिन्छ ।

२९

**अधुरा आयोजना —** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ४८५३२४९८।०४ का १८ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको

छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| क.स | योजना को नाम | लक्ष्य | प्रगति | वित्तीय प्रगति (सम्झौता रकम) | कैफियत |
|---|---|---|---|---|---|
| | **क्रमागत योजना २०७७ २०७८ आ.ब सम्म** | | | | |
| १ | कम्प्लेकस् भवन | कम्प्लेकस् भवन | निर्माणाधीन | ६६००८६०१.५९ | |
| २ | नगरपालिका भवन | नगरपालिका भवन | निर्माणाधीन | २०९०७५६६.९२ | |
| ३ | भागेश्वोर मा वि ४ कोठे भवन बसौटी | ४ कोठा | निर्माणाधीन | ४५१८९०५.६५ | |
| ४ | आधारभूत स्वस्थ केन्द्र भवन बसौती | ३ कोठा | निर्माणाधीन | ३८७२८३४.३ | |
| क.स | योजना को नाम | लक्ष्य | प्रगति | वित्तीय प्रगति (सम्झौता रकम) | कैफियत |
| | **आ.ब २०७८ २०७९** | | | | |
| ५ | शिवशंकर मा बि ८ कोठे भवन सदनी | ८ कोठा | निर्माणाधीन | ८१०८८१३.४४ | |
| ६ | बैजनाथ मा वि ८ कोठे भवन सलेता | ८ कोठा | निर्माणाधीन | ८३३७२०२.९७ | |
| ७ | त्रिवेणी छात्राबस भवन | ८ कोठा | निर्माणाधीन | २८५११६३.५ | |
| ८ | आधारभूत स्वस्थ केन्द्र भवन कुर्मुल्ले हल गेट र घेरबार योजना | २०० मीटर घेर्बर,१ गेट,१ हल | निर्माणाधीन | १७२९४८१.९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | जौखेत बोडा कोलखन स्यल्कोट अचल्सेन सडक ट्रक ओपन र सरसफाई योजना | २.५ कि.म | निर्माणाधीन | ७६७१५६.८ | |
| १० | जोगबुडा शिर्ष थापाला चाखी सडक सुधार र वाल निर्माण योजना | २.५ कि.म | निर्माणाधीन | ८७१०२४.३ | |
| क.स | योजना को नाम | लक्ष्य | प्रगति | वित्तीय प्रगति (सम्झौता रकम) | कैफियत |
| ११ | गैरीखान सैसन गुसेगडा सडक निर्माण योजना | २.५ कि.म | निर्माणाधीन | ८४५२६८.८ | |
| १२ | शिव शंकर मा वि सौचालय निर्माण योजना | २ कोठा,४ युरिनल | निर्माणाधीन | ७५४३८२.९१ | |
| १३ | ओबिगाडा पनातोली झोलंगे पुल | २ पुल | निर्माणाधीन | २८६१२५३ | |
| १४ | बर्थिंग सेन्टर सिमलखेत | ३ कोठा | निर्माणाधीन | १९१९७९९ | |
| १५ | बर्थिंग सेन्टर सैसोन | ३ कोठा | निर्माणाधीन | ३०२६४१८ | |
| १६ | बर्थिंग सेन्टर सिमल्बंद | ३ कोठा | निर्माणाधीन | २४५५८७६ | |
| १७ | कोल्ड स्टोरे निर्माण जोगबुडा | २० मेट्रिक टन क्यापासिटी | निर्माणाधीन | २७३५२७२ | |
| १८ | सलेता सिमल्बन सडक योजना | १३ कि.म ट्राक ओपन | निर्माणाधीन | २३५००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | | | **पेश्की बाँकी :** | | ३,७४५,५६६ |

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि नियमावलि २०७४ को नियम २०७४ को नियम ७४-३_मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौंट हुन बाकीं रहेका निम्नानुसार पेश्की रकम नियमानुसार फछ्यौंट गर्नुपर्ने रु
<table>
<tr><td>सि नं</td><td>पेश्की लिनेको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>न्यू कालिका निर्माण सेवा</td><td>मोबिलाइजेसन</td><td>७,८५,०००।-</td></tr>
<tr><td>२</td><td>न्यू कालिका निर्माण सेवा</td><td>मोबिलाइजेसन</td><td>५,८०,०००।-</td></tr>
<tr><td>३</td><td>इन्द्रधनु सिताराम जे भी</td><td>मोबिलाइजेसन</td><td>२२,६०,०००।-</td></tr>
<tr><td>४</td><td>ओविगडा तल्लो लामिजाला झो पु निमार्ण उ स</td><td>मोबिलाइजेसन</td><td>७,८०,०००।-</td></tr>
<tr><td>५</td><td>पानातोली झो पु निर्माण उ स</td><td>मोबिलाइजेसन</td><td>६,००,०००।-</td></tr>
<tr><td>६</td><td>पानातोली झो पु निर्माण उ स</td><td>मोबिलाइजेसन</td><td>१,८५,०००।-</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३०.१</td><td></td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सद्धनाथ स्थित प्रशासनिक भवन ठेक्का नं 15 CW/2076.77</td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐनको दफा ११०(४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने प्रावधान रहेको छ । ।यस सद्धनाथ स्थित प्रशासनिक भवन ठेक्का नं 15 CW/2076.77 को मिति २०७९।२।३० देखि २०७९।९।२८ सम्म म्याद थप भएको छ। ऐनको व्यवस्था अनुसार यस निर्माण कार्यको कार्यसम्पादन जमानतको मान्य अवधि कम्तिमा २०८०।१०।२८ मितिसम्म रहनुपर्ने देखिन्छ । यस निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको अवधि २०८०।३।३० सम्मको अर्थात ऐनमा भएको व्यवस्था भन्दा ७ महिना कम अवधिको रहेकोले</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | यसबाट पालिकाले बहन गर्नुपर्ने जोखिमको संभावनालाई ख्याल गरी ऐनमा भएको व्यवस्था बमोजिम पुरा अवधिको कार्यसम्पादन जमानत माग गरी निर्माण कार्यमा हुन सक्ने आर्थिक जोखिम कम गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३१.२ | | | **सिद्थान स्थित प्रशासनिक भवन निर्माण**<br><br>नगरपालिकोको ठेक्का नं 15/CW/2076.77 बाट कवोल लागत अनुमान रु २०९०७५६७ मा २०७७।३।२८ बाट १ वर्षमा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको छ ।सार्वजनिक खरिद ऐनको दफा १२० मा निर्माण कार्यको म्याद थप गर्ने सम्बन्धि व्यवस्था गरेको छ। सोही दफाको उपदफा ६ मा नियममा जुनसुकै कुरा लेखिएको भएता पनि शुरु सम्झौताको पचाश प्रतिशत भन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन ।सोही ऐनको दफा १२१ को खण्ड क मा सम्झौतामा तोकिए बमोजिम समयमा कार्य नगरेमा प्रति दिन शून्य दशमलब शून्न पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था रहेको छ । यस प्रशासनिक भवन निर्माण को सम्झौता रकम रु १७६९१९३७।५४ भ्याट सहित रहेकोमा भेरिएशन बाट रु १२९८३४८२।९५ भ्याट सहित कायम भएको छ । स यस निर्माण कार्यको शुरु अवधि २०७७।३।३० बाट १ वर्ष २०७८।२।२८ सम्म रहेको छ । हाल सम्म यस निर्माण कार्यको २ पटक २०७८।२।३० देखि २०७९।२।३० सम्म र २०७९।२।३० देखि २०७९।९।२८ सम्म म्याद थप भई १५० प्रतिशत सम्म म्याद थप भएको छ ।सुरु सम्झौता अवधिको पचास प्रतिशत ले हुने अवधि २०७८।९।२८ मा व्यतित हुने देखिन्छ । उक्त निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गरेकोमा कोभिडको नयाँ भेरियन्टका कारण निर्माण सामाग्रीहरु र कामदारहरु अभावले गर्दा काममा अवरोध हुन आएको कारण जनाइ थप १ वर्ष अवधि अर्थात सुरु निर्माण सम्झौता अवधिकै सरह समय अवधि थप गरी माग गरेको देखिन्छ । उक्त निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन दिँदा प्राविधिक प्रतिबेदन, हाल सम्म भएको कार्य प्रगति, म्यादथप गर्नुपर्ने अवधिको उचित कारण सहित को विवरण, Revised Work Schedule लगायतका विवरण समेतका आधारमा कार्य प्रगति र बाँकी कार्यको विश्लेषण गरी म्याद थप गर्नुपर्नुपर्नेमा सो भएको पाइदैन । आगामी दिनहरुमा पालिकाले म्याद थप गर्दा यस्तो विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३२ | | | **Complex Building ठेक्का नं CW/074/75** | |
| ३२.१ | | | **विमाको अवधि : Complex Building ठेक्का नं CW/074/75**सार्वजनिक खरिद ऐनको दफा ११२ को विभिन्न खण्डहरुमा विमा सम्बन्धि व्यवस्था रहेको छ ।साथै सोही दफा को उपदफा ६ मा विमा को शर्तमा परिवर्तन गर्न स्वीकृत दिएको कारणले हानि नोक्सानी हुन पुगेमा त्यस्को जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारी र सार्वजनिक निकायका प्रमखुको हुने व्यवस्था रहेको छ । यस निर्माण कार्यको विमा गरेता पनि सो को म्यदा २०७९।६।३१ गते अर्थात त्रुटि सच्याउने अवधि २०८०।७।१३ सम्म रहने देखिन्छ ।निर्माण कार्यको अवधि त्रुटि सच्याउने अवधि सहित २०८०।७।१३ रहेको ले ११ महिना कम अवधिको मात्र विमा भएको देखिन्छ । पालिकाले विमा गर्दा निर्माणको पुरा अवधि खाम्नेगरी विमा गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३२.२ | | | **निर्माण कार्यको म्याद थप**:गरपालिकोको ठेक्का नं CW/2074/75 बाट कवोलअंक ६६०६७८०१ मा २०७५।३।१४ देखि २०७७।३।१४ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको छ ।सार्वजनिक खरिद ऐनको दफा १२० मा निर्माण कार्यको म्याद थप गर्ने सम्बन्धि व्यवस्था गरेको छ। सोही दफाको उपदफा ६ मा नियममा जुनसुकै कुरा लेखिएको भएता पनि शुरु सम्झौताको पचाश प्रतिशत भन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन ।सोही ऐनको दफा १२१ को खण्ड क मा सम्झौतामा तोकिए बमोजिम समयमा कार्य नगरेमा प्रति दिन शून्य दशमलब शून्न पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यमा शुरु अवधि बाट ४ पटक म्याद थप भई १५० प्रतिशत सम्म म्याद थप भइ पछिल्लो पटक म्याद थप २०७९।२।३० देखि २०७९।६।१३ सम्म भएको छ ।सुरु सम्झौता अवधिको पचास प्रतिशत ले हुने अवधि २०७८।२।३१ मा व्यतित हुने देखिन्छ । उक्त निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गरेकोमा कोभिडको नयाँ भेरियन्टका कारण निर्माण सामाग्रीहरु र कामदारहरु अभावले गर्दा काममा अवरोध हुन आएको कारण जनाइ थप १ वर्ष अवधि अर्थात सुरु निर्माण सम्झौता अवधिकै सरह समय अवधि थप गरी माग गरेको देखिन्छ । उक्त निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन दिँदा प्राविधिक प्रतिबेदन, हाल सम्म भएको कार्य प्रगति, म्यादथप गर्नुपर्ने अवधिको उचित कारण सहित को विवरण, Revised Work Schedule लगायतका विवरण समेतका आधारमा कार्य प्रगति र बाँकी कार्यको विश्लेषण गरी म्याद थप गर्नु पर्नेमा सो भएको पाइदैन । आगामी दिनमा पालिकाले म्याद थप गर्दा ऐनमा भएको व्यवस्थाको पालना गरि मात्र म्याद थप गर्नुपर्दछ । | |
| ३३ | | | **गोगन बशौटी शिर्ष सडक ठेक्का नं CW/2076/77** | |
| ३३.१ | | | **गोगन बशौटी शिर्ष सडक** ठेक्का नं CW/2076/77 यसै ठेक्का को Final Bill भुक्तानी गर्दा मोविलाईजेशन पेश्की मा समेत मूल्य समायोजन रकम भुक्तानी गरेको छ । खरिद सम्झौता मा नै विल को भुक्तानी मोविलाईजेशन पेश्की कट्टी गर्नु अघि कै रकम का आधारमा भुक्तानी गर्ने भन्ने प्रावधान राखिएको कारण यसरी अग्रिम पेश्की का रुपमा पहिल्यै प्राप्त भइ सकेको रकममा मूल्यबृद्धि भुक्तानी भएको छ ।सम्झौता गर्दा कै समयमा पालिकाले यस्ता विषयमा ध्यान दिई मितवय्यी तरिकाले कार्यसम्पादन गर्ने | |
| ३३.२ | | | ठेक्का नं CW/2076/77 सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१)अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस निर्माण कार्यमा Carry Out Additional Test for Materials and Works required and Instructed by engineer Item BOQ मा समावेश गरी रु ५०००० रकम राखेको छ ।परिक्षणको क्रममा सो Item को काम नभएको र Material Test Report समेत समाबेस गरेको छैन । Final Bill मा सो वापतको रकम भुक्तानी नगरी अन्य को मात्र खर्च लेखेको छ। यस बाट निर्माण कार्य गुणस्तरिय रेहेको कुरामा आश्वस्त हुन सकिएन । | |

३४

**परामर्श सेवा :**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोखरिझद गरी रु. १५८४१००।- खर्च लेखेका छन् । नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुFजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिरुधाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| अ विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| सलेता सिमलबण्ड पलगढी सडक | सुरपाल इन्जिनियरिङ्ग डिजाइन कन्सटकसन प्रा लि | ११२६८००।- | ११२६८००।- |
| परशुराम धाम डि पी आर | जे डि ग्रुप अफ कम्पनी | ४८०२५०।- | ४५७३००।- |
| जम्माः | | १६०७०५०।- | १५८४१००।- |

३५

**गुणस्तर परीक्षण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले केही निर्माण व्यवसायीहरु जस्तै Ward Office Construction Work , बैजनाथ छात्राबास सलेता तथा सबै उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३६

**परामर्श सेवा :**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ:(रु.हजारमा)

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | **सिलबन्दी दरभाउपत्र** | **बोलपत्र** | **तेश्रो चौमासिकमा व्यवस्था भएको** |
|---|---|---|---|---|

| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
|---|---|---|---|---|---|---|---|---|
| 29362 | 37 | 3551 | 0 | 0 | 33 | 25811 | | |

३७

**कार्य स्वीकार र कार्यसम्पन्न प्रतिबेदन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिबेदन तयार गरी मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको तीस दिनमा निर्माण व्यवसायीले एज विल्ट नक्सा पेश गर्नुपर्ने, त्रुटी सच्याउने दायित्त्व अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन्न प्रतिबेदन तयार गर्नुपर्ने , त्यस्तो कार्य सम्पन्न प्रतिबेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने, त्यस्तो अधिकारीले आवश्यक देखेमा जाँचबुझ गराउन सक्ने र जाँचबुझ गर्दा ड्रइङ्ग, डिजाइन,स्पेशिफिकेशन बमोजिम भएको पाएमा निर्माण कार्य स्वीकृत गर्ने व्यवस्था छ । यस आयोजनाले निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिबेदन तयार नगरी कार्यसम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी दिने गरेको देखियो ।निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी दिनुपर्ने र त्रुटी सच्याउने अवधि समाप्त भएपछि सच्याउनुपर्ने त्रुटिहरु सच्याएपछि मात्र कार्यसम्पन्न प्रतिबेदन तयार गर्नुपर्ने निर्माण कार्य समाप्त हुनासाथै कार्य स्वीकार प्रतिबेदन तयार गरेतापनि त्रुटी सच्याउने अवधि पश्चात कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्नेमा निर्माण कार्य समाप्त हुनासाथै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ ।त्रुटि सच्याउने अवधि पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार नगर्दा त्रुटि सच्याउने अवधिको त्रुटिहरु सच्याएको सूनिश्चित हुने आधार देखिएन । नियमावलीको व्यवस्था बमोजिम कार्य स्वीकार र कार्यसम्पन्न तयार गर्नुपर्ने र कार्यसम्पन्न प्रतिबेदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने व्यवस्था को अनिवार्य कार्यान्वयन हुनुपर्दछ ।

| सि न | योजना | कामको विवरण | सम्झौता रकम | सम्पन्न मिति |
|---|---|---|---|---|
| १ | मलाश कसान सडक निर्माण योजना | २.५ कि.म | ६४००९४.४ | २०७९।३।२० |
| २ | परशुराम धाम आर सी सी वाल निर्माण योजना | १५ मीटर वाल ३.५ हाइट | ११६८४२५.६६ | २०७९।३।२१ |
| ३ | वार्ड ४ कार्यालय भवन | ५ कोठा | ४८८१६९०.८१ | २०७९।३।२१ |
| ४ | वार्ड ५ कार्यालय भवन | ५ कोठा | ४९४३१५१.०१ | २०७९।२।२१ |
| ५ | वार्ड १२ कार्यालय भवन | ५ कोठा | ५३२७९४९.०१ | २०७९।३।१६ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समाबेश गर्न सकिने र उक्त रकम खर्च गर्ने सन्दर्भमा सम्बन्धित केन्द्रिय निकायबाट कार्यविधि स्वीकृत गराई गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु ३२३४४५८।- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ३९ | ११७ | २०७९-१२-१० | **बढी भुक्तानी**<br><br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चको विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।साथै वास्तविक खर्चका आधारमा रकम भुक्तानी गर्नुपर्दछ । यस बैजनाथ वाल विकास केन्द्र भवन निर्माण कार्यका लागि प्रयोग भएको सिमेन्ट को दर जिल्ला दर रेट अनुसार ९०० भ्याट बाहेक राखी लागत अनुमान तयार गरेको छ तर वास्तव मै भएको कार्य र प्राप्त विल विजक अनुसार लक्ष्मी ट्रेड एण्ड सप्लायर्स विजक नं ४२ बाट ५० के जि रु ५३०.९७ का दरले रु २६५४८ को खरिद गरेको पाइएको छ ।तर नगरपालिकाले Estimate बमोजिम कै रकम भुक्तानि गरेकोले थप व्ययभार परेको रु १८४५२ सम्बन्धित बाट असुल हुनुपर्ने रू. | १८,४५२ |
| ४० | | | **उपभोक्ता समितिमार्फत भएको कामको सम्बन्धमा** | |
| ४०.१ | 116 | २०७९-१२-१० | सुदुर पश्चिम आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७ (३) बमोजिम खर्च लेख्दा खर्चको विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।साथै वास्तविक खर्चका आधारमा रकम भुक्तानी गर्नुपर्दछ । यस कल्पटे पिपल चौतारी निर्माण कार्यका लागि प्रयोग भएको सिमेन्ट को दर जिल्ला दर रेट अनुसार ९०० भ्याट बाहेक राखी लागत अनुमान तयार गरेको छ तर वास्तविमा भएको कार्य र प्राप्त विल विजक अनुसार लक्ष्मी ट्रेड एण्ड सप्लायर्स विजक नं २७ बाट ५० के जि रु ५३०.९७ का दरले रु २६५४८ को खरिद गरेको पाइएको छ ।तर नगरपालिकाले Estimate बमोजिम कै रकम भुक्तानि गरेकोले थप व्ययभार परेको रु १८४५२ सम्बन्धित बाट असुल हुनुपर्ने रू. | १८,४५२ |
| ४०.२ | | | **लागत सहभागिता—** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

<table>
<tr><td>४०.३</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.४</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>१६५।०३।२४</td><td>गगडे तोडिन्ना सडक उ स</td><td>सडक ट्रेक खोलेको</td><td>३८२४००।-</td><td>जे सि भी</td><td>३८२४००।-</td></tr>
<tr><td>३९२</td><td>उमर्लेक कोएदी तोली भुनौजा सडक २</td><td>सडक ट्रेक खोलेको</td><td>४०११००।-</td><td>जे सि भी</td><td>४०११००।-</td></tr>
<tr><td>२१०।०२।१८</td><td>बिष्णु मन्दिर सडक उ स</td><td>सडक ट्रेक खोलेको</td><td>५९१०८१।-</td><td>जे सि भी</td><td>५९१०८१।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १७१।०३।२४ | उमर्लेक खोएडी तोली घडौजा सडक उ स | सडक ट्रेक खोलेको | २६८६६८८।- | जे सि भी | २६८६६८८।- |
| | **जम्मा** | | | | १६४३२६९।- |

४१

**पदाधिकारी सेवा सुविधा :**

**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१२५०८५००। सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष..१२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- | |
| २ | यातायात खर्च | - | | | ५००।- | ५००।- | |
| ३ | टेलिफोन,मोबाइल | ६०००।- | ६०००।- | ४०००।- | ३५००।- | २०००।- | |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६५००।- | ५०००।- | ४०००।- | ३५००।- | २५००।- | |
| ५ | समन्वय तथा सहजीकरण | १०,०००।- | ९०००।- | ६५००।- | ६०००।- | ४०००।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अतिथि सत्कार | ११०००।- | १००००।- | ८०००।- | - | - | |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४०००।- | ३५००।- | २५०००।- | २५००।- | १०००।- | |
| ८ | चाडपर्व खर्च | २७५०।- | २५०००।- | १८०००।- | १००००।- | ८०००।- | |
| | जम्मा | ५०१५००।- | ४३९०००।- | ३६८४००० | २१४४००० | २७४००००। | |

४२

**औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले जम्मा रु १९९८९१३ को औषधि खरीद गरेकोमा प्रक्रियावेगर रु.८०८४१६।- का औषधि सिलबन्दि दरभाव पत्रबाट रु ११९०४९७ सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

<table>
<tr><td></td><td></td><td></td><td><ul><li>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</li></ul></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सेवा प्रवाह, योजना छनौट तथा स्थानीय तथ्यांक संकलन :</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>छैन</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१३४०</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२३८</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२५१</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३५५</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>५</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>नभएको</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>नभएको</td></tr>
</table></td><td></td></tr>
</table>

| | |
|---|---|
| ग्राभेल सडक निर्माण | १२ किमी |
| ग्राभेल सडक मर्मत | नभएको |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

४३.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

४३.३ **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १६७ | ५७ | ९२ | ३३ | १२ | ३६१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु २५०००।- लाख देखि.७९ लाख सम्मका जम्मा ३६१. वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १६७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **सशर्त शिक्षा तर्फ** | |
| ४४.१ | 167 | २०७९-३-२३ | **प्रमाण पेश गर्नुपर्ने** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा परेका निम्नानुसारका विद्यालयहरुको नाममा दुई कोठे र चार कोठे भवन निर्माणको लागि निम्नानुसार विद्यालयहरुको नाममा निकासा खातामा जम्मा गरी खाता रोक्का गरको देखियो शिक्षा तथा मानव विकास केन्द्र च नं २२५ २०८९।०३।१७ को पत्रानुसार कोभिड १९ प्रभावका कारण भएको ढिलाइ त्रैमासिक श्रोत फुकुवामा भएको ढिलाइ र स्थानीय तहको निर्वाचन केन्द्रित गतिविधि जस्ता प्राविधिक तथा प्रशासनिक कारणले उक्त क्रियाकलापहरु चालू आ व २०७८।०७९ भित्र सम्पन्न गर्न प्राविधिक एवम व्यवहारिक रुपमा पनि कठिनाइ हुने देखिएकोले विद्यालयको आर्थिक वर्ष विनियोजित वजेटबाट कार्य सम्पन्न हुन नसकेको अवस्थामा उक्त विद्यालयहरुलाई सोही प्रायोजनको लागि आगामी आर्थिक बर्षको लागि बजेट विनियोजन नभएकोले लेखा परिक्षण प्रातिवेदन सामाजिक परिक्षण लगायतको सम्बन्धित विद्यालयहरुलाइ नै जिम्मेवार र जवाफदेही वनाउने उदेश्य अनुरुप स्वकृत कार्यक्रमको लागि विनियोजित भएको रकम समब्नधित विद्यालयहरुलाइ यथासिघ्र निकासा दिइ निर्माण कार्य सम्पन्न नभइ बाकी रहेको रकम रोक्का राखी प्रगतिको आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथासिघ्र सम्पन्न गराउने आवश्यक व्यवस्था मिलाउन हुन यस केन्द्रको मिति २०७९।०३।१७ निर्णय अनुसार १० विद्यालयलाई रु २ करोड १६ लाख निकासा गएकोमा ७ विद्यालयले उक्त कार्य सम्पन्न गरी भुक्तानी दिएको र ३ विद्यालयको बैंक खाता रोक्का राखेको पाइयो ।यसरी आ व को अन्त्यमा निकासा दिनु उचित देखिएन बाकी रहेको विद्यालयहरुको काम म समेत सम्पन्न गरी प्रमाण पेश गर्नुपर्ने रू. | ७,०१५,८६७ |
| ४४.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्डको व्यवस्था गरेको छ । सो दफाको उपदफा ३ मा सरकारी रकम खर्च गर्दा रीतपूर्वक तवरले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले शीक्षक को तलब भुक्तानी गर्दा समैजा आधारभूत विद्यालय वडा नं १ का शिक्षक नर ब बोहराको २०७९।३।१७ मा अनिवार्य अवकास भएकोमा आषाढको पुरै तलब भुक्तानी भएकोले बढी भुक्तानि भएको रकम रु २०२३५ निजबाट असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रू. | २०,२३५ |
| ४५ | | | बेरुजु संपरीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । लेखापरिक्षणको समयमा निम्नानुसार रु१०११४५५६।— बेरुजू सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन २०७५ को दफा १९ बमोजिम सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसार सम्परीक्षण गरिएको छ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | २०७६।७७ | ४६,३ | नम्सभन्दा बढी डण्डी खरिद भइ बारसेडुल प्रमाण पेश भएको | ४२१३६००।- |
| २ | २०७६।७७ | ४७ | नम्सभन्दा बढी डण्डी खरिद भइ बारसेडुल प्रमाण पेश भएको | ११०९४५६।- |
| ३ | २०७७।७८ | १८ | का स नियुक्तिको बैठक भत्ता बुझेको प्रमाण पेश भएको | २९०००। |
| ४ | २०७७।७८ | ३८ | कर कट्टी नभएको राजस्व दाखिला प्रमाण पेश भएको | ५७००।- |
| ५ | २०७७।७८ | ४१ | नम्स भन्दा बढी डण्डी खरिद भइ बारसेडुल | ९३७८००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमाण पेश भएको | |
| ६ | २०७७।७८ | ५२ | पेश्की फर्चौटको प्रमाण पेश भएको | २४१९०००।- |
| ८ | २०७७।७८ | ७८ | भैसिपालन समुहलाई पेश्की फर्चौटको विवरण पेश भएको | १४०००००।- |
| | | | कुल जम्मा | १०११४५५६ |